का.जि.प्र.का.द.नं. १००/०५९/६०

१५ चैत २०८०,
बिहीबार
28 March 2024,
Thursday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २२, अंक ४४ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

**सहकारी प्रकरण**

## गृहमन्त्रीले दिए स्पष्टीकरण, आईजीपीले गरे प्रतिरक्षा

यसअघि, प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले गृहमन्त्री रवि लामिछानेको बचाउ गरेका थिए । सरकारमा सहभागी भएपछि एमालेले पनि लामिछानेमाथिको प्रश्न राजनीतिक भनिरहेको छ । यहीबेला आईजीपी वसन्त कुँवरले गृहमन्त्री लामिछानेको प्रतिरक्षा गरेका हुन् ।



*बुधबार सिंहदरबारमा बसेको प्रतिनिधि सभाको राज्य व्यवस्था तथा सुशासन समितिको बैठक ।*

**मुकुन्द लामिछाने / मध्यान्ह**
काठमाडौं, १४ चैत ।

उपप्रधान तथा गृहमन्त्री रवि लामिछाने बुधबार प्रतिनिधि सभाको राज्य व्यवस्था तथा सुशासन समितिको बैठकमा उपस्थित भए । गृहमन्त्रालयको कामकारबाहीको विषयमा छलफल गर्न बोलाइएको बैठकमा सांसदह्रले सहकारी ठगी प्रकरणमा जोडिएको भन्दै लामिछानेलाई प्रश्न गरे ।

नेपाली कांग्रेसले गत फागुन २४ गतेदेति नै संसदमा लामिछानेमाथि प्रश्न उठाउँदै आएको छ । लामिछानको सम्बन्धमा छानबिन गर्न संसदीय छानबिन समिति गठन गर्नुपर्ने कांग्रेसको माग रहेको छ ।

यही बेला बसेको संसदीय समितिको बैठकमा समेत प्रश्न उठेपछि गृहमन्त्री लामिछानेले सहकारीको रकम ठगी प्रकरणमा आफ्नो संलग्नता नरहेको भनी स्पष्टीकरण दिए ।

सहकारी ठगीमा आफ्नो नाम मात्रै मुछिएको गृहमन्त्री लामिछानेको प्रष्टीकरण छ । 'जहाँ मेरो नाम छ भनिएको छ त्यहाँ मेरो नामबाहेक केही पनि छैन' उनले भनेका छन्, 'न हस्ताक्षर छ न ल्याप्चे छ, न मैले कुनै निवेदन दिएको छु, न सामान्य केवाइसी भरिएको छ। केही पनि भरिएको छैन । म माथि अनुसन्धान भएको छैन । उक्त प्रकरणसम्बन्धी बयानमा कसैले मेरो नाम लिएको छैन र म विरुद्ध मुद्दा पनि परेको छैन ।'

संसदीय समितिको बैठकमा गृहमन्त्री भन्दा अगाडि बोलेका प्रहरी महानिरीक्षक (आईजीपी) वसन्त कुँवरले लामिछानेको बचाउ गरेका थिए ।

प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसले सहकारी ठगी प्रकरणको छानबिन सुरु गरेर नसकिँदासम्म गृहमन्त्री लामिछानेले पद छाड्नुपर्ने माग गरिरहेका बेला आईजीपी कुँवरले नै गृहमन्त्री लामिछानेको बचाउ गरेका हुन् ।

यसअघि, प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले नै लामिछानेको बचाउ गरेका थिए । चैत ६ गते प्रतिनिधि सभाको बैठकमा बोल्दै उनले सहकारीको ठगी प्रकरणमा लामिछानेको कुनै संलग्नता नरहेको प्रहरी बृफिङ रहेको बताएका थिए ।

सरकारमा सहभागी भएपछि एमालेले पनि लामिछानेमाथिको प्रश्न राजनीतिक भनिरहेको छ । यहीबेला आईजीपीले पनि गृहमन्त्री लामिछानेको प्रतिरक्षा गरेका हुन् ।

प्रहरी प्रमुखले समेत गृहमन्त्रीको प्रतिरक्षा गरेपछि उनीमाथिको अनुसन्धान हुनेमा आशंका भएको कांग्रेस नेताहरु बताउँछन् ।

राज्य व्यवस्था तथा सुशासन समितिको नेपाली कांग्रेसका सांसद दिलेन्द्रप्रसाद बडूले सहकारी प्रकरण छानबिन नसकिएसम्म गृहमन्त्रीबाट बाहिरिन लामिछानेलाई सुझाव दिएका थिए । छानबिनको निष्पक्षता र विश्वासनीयताका लागि पनि गृहमन्त्री पदमा बस्न नहुने कांग्रेसको माग छ । जवाफमा उपप्रधानमन्त्री तथा गृहमन्त्री लामिछानेले सहकारी ठगीमा >>> पृष्ठ २ मा

## उपनिर्वाचनमा सत्तारुढका आ–आफ्नै उम्मेदवार

आउँदो वैशाख १५ गते हुने उपनिर्वाचनमा सत्तारुढ दलहरुले आ-आफ्नै उम्मेदवार उठाउने भएका छन् । सत्ता साझेदार दल एमालेले कुनै सल्लाह नै नगरी आफ्नो उम्मेदवारको नाम तय गरेपछि गठबन्धनभित्र रहेका दलहरुले पनि उम्मेदवार उठाउने निर्णय लिएका हुन् ।

**शिव विक / मध्यान्ह**
काठमाडौं, १४ चैत ।

नेकपा माओवादी केन्द्रले इलाम क्षेत्र नम्बर २ र बझाङको प्रदेश सभा १ मा हुने उपनिर्वाचनमा उम्मेदवारी दिने निर्णय गरेको छ ।

यो सँगै आउँदो वैशाख १५ गते हुने उपनिर्वाचनमा सत्तारुढ दलहरुले आ-आफ्नै उम्मेदवार उठाउने भएका छन् । सत्ता साझेदार दल एमालेले कुनै सल्लाह नै नगरी आफ्नो उम्मेदवारको नाम तय गरेपछि गठबन्धनभित्र रहेका दलहरुले पनि उम्मेदवार उठाउने निर्णय लिएका हुन् ।

बुधबार प्रधानमन्त्री निवास बालुवाटारमा बसेको सरकारको नेतृत्वकर्ता दल माओवादी केन्द्रको पदाधिकारी बैठकले दुवै क्षेत्रमा उम्मेदवारी दिने निर्णय गरेको हो । तर कसलाई उम्मेदवार बनाउने भन्ने निर्णय भने माओवादीले गरेको छैन ।

नेकपा माओवादी केन्द्र कोशी प्रदेश समितिले इलाम २ मा हुने प्रतिनिधिसभा सदस्य उपनिर्वाचनका लागि गत मंगलबार धिरेन्द्र शर्मा तिम्सिना, उर्मिला तामाङ, ओमबहादुर गुरुङ र कुमार बराइलीको नाम सिफारिस गरेको छ ।

माओवादी केन्द्रले बझाङको उम्मेदवार चयन गर्न सुदूरपश्चिम प्रदेश कमिटीको बैठक १६ र १७ चैतमा बोलाएको छ ।

इलाम क्षेत्र नम्बर २ बाट प्रतिनिधि सभा सदस्यमा निर्वाचित सुवास नेम्वाङको गत भदौ २५ गते निधन भएकाले र बझाङ १ बाट सुदूरपश्चिम प्रदेशसभामा निर्वाचित नेपाली कांग्रेसका नेता पृथ्वीबहादुर सिंहको गत असार ५ गते निधन भएपछि ती दुवै क्षेत्रमा वैशाख १५ मा उपनिर्वाचन हुन लागेको हो ।

यसअघि नै एमालेले आफ्नो उम्मेदवार तय गरिसकेको छ । एमालेले इलाम २ मा नेता स्वर्गीय सुवासचन्द्र नेम्वाङका छोरा सुहाङलाई र बझाङ १ मा सोही जिल्ला अध्यक्ष दमनबहादुर भण्डारीलाई उम्मेदवार चयन गरिसकेको छ ।

अर्को सत्ता साझेदार दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले >>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## इजरायलको डिमाण्ड ल्याउने म्यानपावर सञ्चालक मन्त्रालयको निगरानीमा

**मध्यान्ह संवाददाता**
काठमाडौं, १४ चैत

वैदेशिक रोजगार विभागले इजरायलको कृषि क्षेत्रका लागि निजी क्षेत्र अर्थात म्यानपावर कम्पनीबाट कामदार लैजाने प्रलोभनमा ठगी हुन सक्ने भन्दै सचेत हुन आग्रह गरेको छ । इजरायलमा नेपालबाट कृषि कामदार लैजाने भन्दै नेपालका केही पक्षले प्रलोभनमा पारी रकम उठाउने गरेको सूचना आएको उल्लेख गर्दै विभागले निजी क्षेत्र अर्थात बीटुबी प्रणालीबाट कृषि तथा अन्य क्षेत्रमा कामदार पठाउने निर्णय नभएको बताएको छ ।

विभागका प्रवक्ता एवम् सूचना अधिकारी कविराज उप्रेतीले बुधबार एक विज्ञप्ति जारी गर्दै ठगी सम्बन्धमा विभागले सूक्ष्म अध्ययन गरिरहेको उल्लेख गरेका छन्। नेपाल सरकार र इजरायलबीचको श्रम सम्झौताअनुसार इजरायलका दीर्घकालीन स्याहार केन्द्रमा नेपालबाट सहायक कामदार अर्थात केयर गिभर पठाउने गरिएको छ । विभागले त्यसबाहेक इजरायलसँग कुनैपनि प्रकारको सम्झौता नभएको बताएको छ ।

यसअघि काठमाडौं इन्टरनेशनल इन्कर्पोरेट प्रा.लि.ले इजरायलको ब्लु शिर्ट इन्टरप्राइजेज कम्पनीका लागि २ सय कृषि कामदारको माग ल्याएपछि वैदेशिक रोजगार क्षेत्रमा हलचल पैदा भएको थियो । तर उक्त म्यानपावर कम्पनीले ल्याएको २ सय पुरूष कृषि कामदारको भिसा हालसम्म नआएको बताइएको छ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री डोल प्रसाद अर्यालले पूर्व स्वीकृति दिने कर्मचारीलाई अनुसन्धानको घेरामा ल्याउने बताएका थिए । मन्त्रालयले उक्त प्रा.लि.का सञ्चालकको पृष्ठभूमि र कारोबारबारे अनौपचारिकरूपमा समेत अध्ययन गरिरहेको समाचार स्रोतले बताएको छ ।

२ वर्षे करार अवधिका लागि नेपालबाट जाने कृषि कामदारले मासिक न्यूनतम २ लाख ८ सय ९० रूपैयाँ तलब पाउने उक्त कम्पनीले वैदेशिक रोजगार कार्यालय ताहाचलबाट पाएको पूर्व स्वीकृतिमा उल्लेख थियो। सोही पूर्व स्वीकृतिको डिमाण्ड देखाएर ठगी नहोस् भनि मन्त्रालय सचेत रहेको पनि उक्त समाचार स्रोतको भनाइ छ ।

नेपालले कृषि कामदार पठाउने विषयमा विभिन्न तर्क गरेर आलटाल गरिरहेको भएपनि भारतसहित विभिन्न मुलुकबाट कामदार इजरायल गइरहेका छन् । इजरायल र प्यालेस्टाइनको सीमा क्षेत्र गाजामा लडाइँ चलिरहेका बेला पनि ठूलो संख्यामा भारतीयहरू रोजगारीका लागि इजरायल पुगेका थिए । भारतले गत वर्ष ४२ हजार भारतीय कामदारलाई इजरायलको निर्माण र नर्सिङ क्षेत्रमा पठाउने सहमति गरेको थियो ।

विगतमा लर्न एण्ड अर्न कार्यक्रम अन्तर्गत नेपाली विद्यार्थी पनि इजरायल गएका थिए । हाल युद्धको अवस्था नभएको भएपनि नेपालले कामदार पठाउने विषयमा अलमल गर्नु मन्त्रालय नेतृत्वको अयोग्यता र अस्पष्टता पनि जिम्मेवार रहेको कतिपयको भनाइ छ ।

### रुसको श्रम स्वीकृति खुला : विभाग खुलेको छैन : मन्त्री

**काठमाडौं / मस–** वैदेशिक रोजगार विभागले रूसका लागि श्रम स्वीकृति खुला गरेको छ। रूस युक्रेन युद्ध शुरू भएपछि विभागले गत पुस १९ गतेदेखि रूस र युक्रेनका लागि सबै प्रकारका श्रम स्वीकृति रोकेको थियो ।

विभागको फागुन ९ गतेको सचिवस्तरीय बैठकले पुनः श्रम स्वीकृति र म्यानपावर कम्पनीमार्फत रुसको ब्लागोभेचेन्सक शहरमा रहेको सिनोपिक इन्जिनियरिङ रसिया ग्रुप एलएलसी कम्पनीका लागि छनोट भएकालाई फागुन १६ गतेदेखि अन्तिम श्रम स्वीकृति दिने निर्णय गरेको हो ।

तर यता श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्यालले हाल कुनै पनि व्यक्ति रुस जान श्रम स्वीकृतिको व्यवस्था नरहेको बताएका छन् । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले बुधबार आयोजना गरेको काठमाडौंको आँखामा कर्णाली विषय कार्यक्रम उनले हाल रुस जान व्यक्तिगत श्रम स्वीकृतको >>> पृष्ठ २ मा

मुखको स्वास्थ्यमा ध्यान दिऔं

- दाँत तथा मुखको रोगले मानव स्वास्थमा गम्भीर असर पार्ने हुँदाः
- चिनीयुक्त वा दाँतमा टाँस्सिने खालका खानेकुरा कम खाऔं,
- रेसादार खाना, फलफूल र हरियो सागसब्जी सेवन गरौं,
- फ्लोराईडयुक्त टुथपेष्टले दुई मिनेटसम्म दिनको दुई पटक ब्रस गरौं,
- खाना खाईसकेपछि राम्रोसँग ब्रस वा कुल्ला गर्ने गरौं,
- डेन्टल फ्लसको मद्दतले दाँतमा अड्किएको खाना निकालौं,
- सुर्तिजन्य पदार्थ तथा मद्यपान सेवन नगरौं,

*नियमित रुपमा मुख तथा गिजाको जाँच गराऔं,*
*गम्भीर रोगबाट बचौं र बचाऔं।*

नेपाल सरकार
विज्ञापन बोर्ड

## बैंकिङ प्रणालीमा थुप्रियो १० खर्ब

**मनीषा अवस्थी / मध्यान्ह**
काठमाडौं, १४ चैत ।

गत वर्षसम्म तरलताको उच्च अभाव रहेको नेपाली बैंकिङ्ग प्रणालीमा यतिबेला तरलता (पैसा) थुप्रिएको छ । गत वर्ष बैंकहरूले साना साना कर्जा मागमा फाइलहरू फिर्ता गर्ने गरेको सूचना आउथ्यो । यति मात्रै होइन, सर्वसाधारणले आफैले बैंकमा राखेको निक्षेप झिक्न पनि सीमा तोकिएको थियो । यसको अर्थ बैंकहरुसँग पैसा नै थिएन ।

तर पछिल्लो तथ्यांकअनुसार यतिबेला बैंकहरूले पर्वाह गरेको कर्जा भन्दा ११ खर्ब भन्दा बढी रकम जम्मा भएर बसेको छ । नेपाल राष्ट्र बैंकको तथ्यांकअनुसार यही साताको आइतबारसम्ममा बैंकिङ्ग प्रणालीमा ६१ खर्ब ९४ अर्ब रुपैयाँ निक्षेप छ । यस मध्ये वाणिज्य बैंकहरूमा मात्र ५४ खर्ब ८१ अर्ब रुपैयाँ छ भने विकास बैंक र फाइनान्स कम्पनीहरूमा ७ खर्ब १३ अर्ब रूपैयाँ छ ।

> पछिल्लो तथ्यांकअनुसार यतिबेला बैंकहरुले प्रवाह गरेको कर्जा भन्दा ११ खर्ब बढी रकम जम्मा भएर बसेको छ ।

तथ्यांकअनुसार बैंकिङ प्रणालीबाट ५० खर्ब ८२ अर्ब रुपैयाँ मात्रै कर्जा पर्वाह भएको छ । यसमध्ये वाणिज्य बैंकले ४४ खर्ब ९५ अर्ब र विकास बैंक तथा फाइनान्स कम्पनीले ५ खर्ब ८७ अर्ब रूपैयाँ लगानी गरेका छन् ।

यो तथ्यांकले निक्षेप र कर्जाबीचको अन्तर ११ खर्ब १२ अर्ब रूपैयाँ देखिन्छ । अहिले निक्षेप र कर्जाबीचको अनुपात (सीडी रेसियो) ७९ दशमलव ६७ प्रतिशत छ । तर नेपाल राष्ट्र बैंकले बैंकहरूले ९० प्रतिशत सिडि रेसियो कायम राख्ने व्यवस्था गरेको छ । यसको अर्थ बैंकहरूले निक्षेपको १० प्रतिशत रकम सुरक्षाका लागि राख्नुपर्ने हुन्छ । अहिलेको तथ्यांक हेर्दा १० खर्ब रूपैयाँ लगानीयोग्य रकम बैंकहरूमा नै थन्किएको छ ।

**चक्रिय समस्यामा बैंकहरू**

बैंकहरूमा रकम थन्किदै गएपछि पछिल्लो समय घरजग्गा किनबेचका क्षेत्रमा फेरी लगानी बढ्न थालेको छ । तर उद्योगी व्यवसायीहरूले पर्याप्त लगानी गर्न सक्ने अवस्था नहुँदा बैंकहरू समस्यामा भने परेका छन् । यद्यपि बैंकिङ्ग प्रणालीमा तरलता कहिले घट्नु वा कहिले बढ्नुलाई अस्वभाविक होइन । यो बैंकिङ चक्र नै भएको विश्लेषकहरू बताउँछन् । तर, लामो समय सानो पूँजी पनि लगानी गर्न नसकेको बैंकहरूमा लगानीयोग्य पूँजी हुँदा धमाधम लगानी हुनुपर्ने सामान्य बुझाइ छ । यसो किन हुन सकेन त ? त्यसले कति प्रभाव पारेको छ, भन्ने कुरा महत्वपूर्ण भएको अर्थविज्ञ युवराज भुषल बताउँछन् ।

उनको बुझाइमा अहिले बजारमा रहेको अधिक तरलताको जग अघिल्लो वर्षको तरलता अभाव नै हो । यसको अर्थ कारोना >>> पृष्ठ २ मा


VACANCY
ANNOUNCEMENT
यस प्रतिष्ठित म्यानपावर कम्पनीको लागि कर्मचारीहरुको आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।
Public Relation Officer (PRO)- 4 (Male/Female)
Smart & Intelligent
Work Experience : Minimum 5 years in related field
Qualification : +2 Passed
Skill : Computer Knowledge
Language : English, Nepali & Hindi
SALARY Negotiable
Send us your CV:
dhrdestiny@gmail.com
9863911244
01-5104632
01-5104634
DHR
Gov. lic. No. 789/065/66
Destiny Human Resource Nepal Pvt. Ltd.
G.P.O. Box: 8975 EPC 5444, Kathmandu, Nepal

# राष्ट्रिय समझदारीअनुसार शान्ति प्रक्रिया टुंगो लाग्छ : प्रधानमन्त्री

**काठमाडौं/मस-** प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले राष्ट्रिय समझदारी बनाएर शान्ति प्रक्रियाका बाँकी काम टुंगो लगाउन सरकार प्रयत्नशील रहेको बताएका छन् ।

द्वन्द्वपीडित परिवारका विभिन्न संघसंस्थाका प्रतिनिधिसँग बुधबार सिंहदरबारमा भेट गर्दै प्रधानमन्त्री दाहालले बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोगका विषयमा अदालतको आदेश पालना गर्न सरकार प्रतिबद्ध रहेको बताए ।

'सरकारले चाहँदाचाहँदै पनि संक्रमणकालीन न्याय टुङ्ग्याउन सकिएको छैन', उनले भने, 'शान्ति प्रक्रियाका बाँकी काम टुंगो लगाउन नदिने शक्ति पनि सक्रिय नै छन्, त्यसले गर्दा कतिपय समस्या भएको छ ।' उनले शान्ति प्रक्रियाका बाँकी काम टुंगो लगाउनका लागि त्यससम्बन्धी विधेयक सरकारले अगाडि बढाएको जानकारी गराए ।



द्वन्द्वपीडित परिवारका सदस्यलाई रोजगारी उपलब्ध गराउन, द्वन्द्वमा घाइते भएका व्यक्तिको स्वास्थ्योपचार गर्न र उनीहरूका लागि आवासको व्यवस्था गर्न सरकार प्रयासरत रहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले शान्ति प्रक्रियाका कामलाई तार्किक निष्कर्षमा पुऱ्याएर स्थायी शान्ति कायम गर्न आफू प्रतिबद्ध रहेको बताए ।

# जनताले देख्ने गरी विकास निर्माणका काम अगाडि बढाउन आग्रह




**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, १४ चैत

अर्घाखाँचीको छत्रदेव गाउँपालिकाको आर्थिक वर्ष २०८०/२०८१ मा भएका योजनाहरुको पहिलो र दोस्रो चौमासिक सार्वजनिक सुनुवाइ कार्यक्रम छत्रदेवमा सम्पन्न भएको छ । कार्यक्रममा छत्रदेव गाउँपालिकाका सबै विषयगत शाखाका प्रमुखहरु तथा ८ वटै वडा अध्यक्षहरुले आर्थिक वर्ष २०८०/२०८१ मा वार्षिक रूपमा सञ्चालन भएका योजना आयोजना, कार्यक्रम तथा भौतिक र आर्थिक प्रगति प्रस्तुत गर्दै समग्र नगरपालिकाको विकास बारे वडा तहको संरचनाबारे जानकारी गराएका थिए ।

छत्रदेव गाउँपालिकाको भौतिक प्रगति ४६ प्रतिशत र आर्थिक प्रगति ४१ प्रतिशत भएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत भेषराज घिमिरेले जानकारी दिए । गाउँपालिकाभित्र २ सय १७ वटा योजना रहेकोमा हालसम्म १ सय ५६ योजना सम्झौता भएको योजना शाखाका प्रमुख शिव बर्माले जानकारी दिए । ४४ वटा योजनाहरुको काम सम्पन्न भइ भुक्तानी समेत भइसकेको बर्माले बताए । गाउँपालिकाभित्र २ वटा योजना वहुवर्षीय रहेकोमा काम निरन्तर चलिरहेको छ । कार्यक्रमलाई सम्बोधन गर्दै गाउँपालिकाका अध्यक्ष चन्द्रमान श्रेष्ठले गाउँपालिकामा प्रत्यक्ष अनुभूति गर्ने गरी र सबै जनताले देख्ने गरी विकास निर्माणका कामलाई अगाडि बढाउन सबैले सहयोग गर्नुपर्ने बताए ।

पालिका अध्यक्ष श्रेष्ठले भने,'समग्र विकासको अवस्था हेर्दा निर्माण कार्य सम्पन्न भएका योजनाहरु व्यवस्थित र संरक्षण नहुँदा जीर्ण हुने अवस्था आएको छ, सबै कामको समग्र समीक्षासहित अगाडि बढ्नुपर्ने बेला आएको छ ।' गाउँको दिगो विकास र समृद्धिका लागि कृषि र पर्यटन शिक्षा स्वास्थ्यलाई केन्द्र भागमा राखेर काम गर्ने भन्दै अध्यक्ष श्रेष्ठले सबै सरोकारवाला पक्ष एक भएर लाग्नुपर्ने बताए ।

कार्यक्रममा छत्रदेव गाउँपालिका उपाध्यक्ष मनि पन्थिले जनताको माग र आवश्यकताको आधारमा विकास निर्माणको कामलाई अगाडि बढाउनुपर्ने भन्दै सबै पक्ष तथा जनताको सहभागिताबाटै सबै काम अगाडि बढाउने बताइन् । सार्वजनिक सुनुवाइ कार्यक्रममा उठेका प्रश्नहरुको जवाफ दिँदै प्रमुख प्रशासकीय अधिकृत भेषराज घिमिरेले सबै सरोकारवालाहरूले सहयोग गरेमात्र पालिकाले विकासलाई तीव्रता दिनसक्ने बताउँदै अहिले जनताको चाहना अनुसार आफुले काम गरिरहेकाले पनि काम द्रुत गतिमा अगाडि बढेको बताए । उनले कर्मचारी सरुवा बढुवाले समेत काममा असर परिरहेको गुनासो गरेका थिए ।

# सरकारले राष्ट्रिय साइबर सुरक्षा केन्द्र स्थापना गर्ने

**काठमाडौं/मस-**'डिजिटल नेपाल फ्रेमवर्क २०७६' को आकाङ्क्षा पूरा गर्ने उद्देश्यअनुरुप सरकारले 'राष्ट्रिय साइबर सुरक्षा केन्द्र' स्थापना गर्ने भएको छ ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले साइबर सुरक्षाको विषयमा अनुसन्धान तथा विकास, साइबर सुरक्षा प्रवर्द्धन, जनचेतना अभिवृद्धि, साइबर सुरक्षासम्बन्धी तयारी, चुनौतीको पहिचान, रोकथाम, प्रतिक्रिया तथा पुनः लाभलगायत कामको सम्पर्क निकायका रूपमा कार्य गर्न तथा डिजिटल फोरेन्सिक अनुसन्धान गर्न केन्द्रको स्थापना गर्न लागेको हो । गत माघ ९ गतेको मन्त्रिपरिषद्को बैठकले राष्ट्रिय साइबर सुरक्षा केन्द्र स्थापना गर्ने निर्णय गरेको थियो ।

मन्त्रालयका सहसचिव तथा केन्द्रका प्रमुख अनिलकुमार दत्तले राष्ट्रिय साइबर सुरक्षा केन्द्र स्थापनाको काम अन्तिम चरणमा पुगेको बताए । उनले केन्द्र सञ्चालन गर्न १२ कर्मचारीको संरचना बनेको छ, केही दिनमै कार्यालय स्थापना गर्ने तयारी रहेको बताए । पछिल्लो समयमा विभिन्न देशमा साइबर असुरक्षा बढ्दै गएको र नेपालको सन्दर्भमा अझै बढी असुरक्षा बढ्दै गएको सन्दर्भलाई दृष्टिगत गर्दै केन्द्र स्थापना गर्न लागिएको उनको भनाइ छ ।




'साइबर असुरक्षा बढिरहेको छ, नेपालको सन्दर्भमा सबैलाई कम्प्युटर कसरी चलाउने भन्ने थाहा छैन, जता पनि वाइफाई फ्री छ, अब यसलाई व्यवस्थित गर्न ठाउँठाउँमा पुग्नुपर्ने हुन्छ,' प्रमुख दत्तले भने । केन्द्रले संवेदनशील सूचना पूर्वाधारको चौबिसै घण्टा अनुगमन, साइबर घटना तथा जोखिम मूल्याङ्कन गर्ने, आकस्मिक रूपमा आइपर्ने साइबर जोखिमलाई समाधान गर्नका लागि प्राविधिक जनशक्तिसहितको आकस्मिक सहायता समूहको गठन गर्ने र आकस्मिक रूपमा आइपर्ने साइबर जोखिमलाई समाधान गर्नका लागि प्रदेश तथा स्थानीय तहले आकस्मिक सहायता समूह गठन गर्न लागेका उनले बताए । चालु आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्यमा पनि साइबर सुरक्षा केन्द्र स्थापना गर्ने उल्लेख थियो ।

अहिले मन्त्रालयमा सञ्चालनमा रहेको सूचना प्रविधि आकस्मिक अनुगमन केन्द्रलाई पनि राष्ट्रिय साइबर सुरक्षा केन्द्रमै राखिने भएको छ । तत्कालका लागि सानो ठाउँबाट केन्द्र सञ्चालन गरे पनि विस्तारै देशैभरि हेर्ने गरी भवनमै कार्यालय राख्ने मन्त्रालयको योजना छ केन्द्रले आवश्यकताअनुसार संवेदनशील सूचना पूर्वाधारका धनी, अनुमतिपत्र प्राप्त सेवा प्रदायक तथा साइबर सुरक्षा परीक्षकलाई निर्देशन दिनेछ । यस्तो निर्देशनको पालना गर्नेसम्बन्धी संवेदनशील सूचना पूर्वाधारका धनी तथा अनुमतिपत्र प्राप्त सेवा प्रदायक व्यक्तिको कर्तव्य हुनेछ ।

साइबर सुरक्षा केन्द्र सम्बन्धी व्यवस्थाअनुसार साइबर सुरक्षा सेवा प्रदान गर्न चाहने व्यक्ति, कम्पनी वा संस्थाले अनुमतिपत्र लिनुपर्नेछ । अनुमतिपत्रको किसिम, प्रत्येक अनुमतिपत्र प्राप्त गर्न आवश्यक योग्यता, अनुमतिपत्र दस्तुर, अनुमतिपत्र नवीकरण दस्तुर, अनुमतिपत्रका सर्त र सो सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

त्यसैगरी, केन्द्रले प्रत्येक आर्थिक वर्षको समाप्त भएको मितिले तीन महिनाभित्र आफूले गरेको काम कारबाही सम्बन्धी प्रतिवेदन तयार गरी मन्त्रालयसमक्ष पेस गर्नुपर्नेछ । साइबर सुरक्षा जोखिम अनुगमन गर्ने, राष्ट्रिय सुरक्षा, प्रतिरक्षा, अर्थतन्त्र, अन्तर्राष्ट्रिय सम्बन्ध, सार्वजनिक स्वास्थ्य, सार्वजनिक शान्ति र व्यवस्था वा सार्वजनिक सुरक्षा वा अत्यावश्यक सेवालाई पार्न सक्ने साइबर सुरक्षाका घटनाको प्रतिकार्य गर्नेलगायत केन्द्रको काम, कर्तव्य र अधिकार रहेको छ ।

# सुनकोशीमा बेपता तीनमध्ये बालिकाको शव फेला



**उदयपुर/मस-** होली खेलेर सुनकोशीमा नुहाउने क्रममा तीन दिनअघि बेपत्ता भएका त्रियुगा नगरपालिका-१४ साउनेकी रेखा मगरको शव बुधबार बिहान फेला परेको छ ।

जिल्ला प्रहरी कार्यालय उदयपुरका अनुसार बुधबार बिहान साउनेको धाप्लाङदेखि ६ किलोमिटर तल सूर्यढुङ्गा भन्ने स्थानमा १२ वर्षीया रेखा मगरको शव फेला परेको प्रहरीले जनाएको छ । स्थानीय माछा मार्नेहरूले बेलुकी कोशीमा जाल थापेको र बिहान जाल हेर्न जाँदा मृतक मगरको शव पानीमा देखेपछि प्रहरीलाई खबर गरेका थिए । रेखाको शव शवपरीक्षणका लागि जिल्ला अस्पताल ल्याउने तयारी भइरहेको जिल्ला प्रहरी कार्यालयका प्रमुख रमेश थापाले बताए ।

मंगलबार मात्र बेपत्ता तीनमध्ये ८ वर्षीय रिदम मगरको शव पनि घटनास्थलदेखि एक हजार चार सय मिटर तल घिर्लिङ भन्ने स्थानमा फेला परेको थियो । तीन दिनअघि त्रिनपा-१४ साउनेका १२ वर्षीया रेखा मगर, १४ वर्षीय लोकबहादुर मगर र ८ वर्षीय रिदम मगर होली खेलेर सुनकोशीमा नुहाउन जाँदा नदीमा बेपत्ता भएका थिए । बेपत्ता बालबालिकाको प्रहरी र स्थानीयसहित सुनसरीको इटहरीबाट आएको सशस्त्र प्रहरीको गोताखोर टोलीले खोजी जारी राखेका छन् । हराएकामध्ये मंगलबार रिदम मगरको शव फेला परेको थियो । अर्का बेपत्ता १० वर्षीय लोकबहादुर मगरको शव फेला पर्न नसकेको पनि प्रहरीले जनाएको छ ।

# अनलाइन फार्मेसी सञ्चालन नगर्न निर्देशन

**काठमाडौं/मस-**औषधि व्यवस्था विभागले अनलाइन फार्मेसी सञ्चालन नगर्न निर्देशन दिएको छ । विभागका महानिर्देशक नारायणप्रसाद ढकालले अनलाइन फार्मेसीबाट औषधिको झुटा तथा भ्रमात्मक प्रचार गरी बिक्रीवितरण गर्न पाइएकाले अनलाइन फार्मेसी बन्द गर्न निर्देशन दिएको बताए ।

अहिलसम्म विभागमा अनलाइन फार्मेसीको स्वीकृत नलिएको र त्यसरी सामाजिक सञ्जालको प्रयोग गरी अनलाइन फार्मेसीका नाममा विभिन्न छुट उल्लेख गरी औषधि गैरकानुनी रूपमा बिक्री वितरण गरिएको महानिर्देशक ढकालले बताए । अनलाइन फार्मेसीका नाममा औषधिको भ्रमात्मक प्रचार गरी छुटलगायत प्रलोभन देखाई बिक्री वितरण गरिएको उनले बताए ।

औषधि ऐन, २०३५ को दफा १९ बमोजिम औषधिको झुट्टा तथा भ्रमात्मक प्रचार गर्न नहुने कानुनी व्यवस्था छ । 'सामाजिक सञ्जाल वा पत्रपत्रिकामा औषधिको विज्ञापन गर्नुपूर्व औषधि ऐनको दफा १९ बमोजिम यस विभागबाट पूर्वअनुमति लिनपर्ने स्पष्ट कानूनी व्यवस्था छ,' महानिर्देशक ढकालले भने । अनलाइन फार्मेसीबाट बिक्री वितरण गरिएका औषधिको सुरक्षितता, गुणस्तरियता र प्रभावकारिताका सम्बन्धमा उपभोक्ता आफैं जिम्मेवार हुनुपर्ने र त्यस्ता अनलाइन फार्मेसीबाट औषधि खरिद गरी सेवन नगर्न/नगराउन सबैमा अनुरोध गरिएको छ । अनलाइन फार्मेसी सञ्चालन गरेको पाइएमा कानूनअनुसार कारबाही गरिने विभागले जनाएको छ ।

# त्रिभुवन विमानस्थलबाट १५ किलो चरेस बरामद

**काठमाडौं/मस-** प्रहरीले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट अवैध लागुऔषध १५ किलो ग्राम चरेस बरामद गरेको छ । विदेश लैजाँदै गरेको सो चरेस मंगलबार बरामद गरेर बुधवार सार्वजनिक गरिएको हो ।

विमानस्थल भन्सार कार्यालयको एक्स-रे मेसिनबाट प्रहरीले कार्गो चेक जाँच गर्ने क्रममा कतार एयरबाट दोहा हुँदै लन्डन लैजान लागिएको एआरए एमइएक्स कुरियरको १८ वटा फोटो फ्रेमभित्र लुकाई-छिपाई ल्याइएको अवस्थामा उक्त परिमाणको पदार्थ मंगलबार फेला पारी बरामद गरिएको केन्द्रीय प्रहरी प्रवक्ता भीमप्रसाद ढकालले जानकारी दिए । उनका अनुसार बरामद गरिएको उक्त पदार्थको थप आवश्यक अनुसन्धानका लागि नेपाल प्रहरीको लागूऔषध नियन्त्रण ब्यूरो, कोटेश्वर पठाइएको छ ।



## सहकारी...

आफ्नो कुनै संलग्नता नभएको जिकिर गरेका हुन् । छानबिन गर्ने निकायले आफ्नै ढंगले काम गर्ने भन्दै आफू पदमा हुँदा त्यसलाई कुनै असर नपर्ने पनि उनको दाबी छ ।

गृहमन्त्रीले प्रस्टीकरण दिइरहँदा गृहसचिव र प्रहरी प्रमुख उनीसँगै थिए । सहकारी ठगीबारे सांसदका प्रश्नमा प्रहरी प्रमुख वसन्त कुँवरले गृहमन्त्रीको संलग्नता नभेटिएको दाबी गरे । गृहमन्त्रीले छानबिन गर्ने निकाय स्वतन्त्र छ भनिरहँदा प्रहरी प्रमुखले नै संलग्नता नभएको भनेर लामिछानेको प्रतिरक्षा गरेका हुन् ।

पोखरास्थित सूर्यदर्शन सहकारीको सहकारीको ठगीका सन्दर्भमा 'सबै इस्वुको मेन जड' जीबी राई रहेको उनले बताए । 'सहकारी ठगीको मुख्य जड जिबी राई हुन् । उनी मलेसिया रहेको जानकारी पाएका छौं' उनले भनेका छन्, 'रवि लामिछानेको विषयमा ठाडो उजुरी मात्रै परेको हो तर, अहिलेसम्मको तथ्य प्रमाण केही आएको छैन ।'

जिबी राई अध्यक्ष र लामिछाने प्रबन्ध निर्देशक भएको गोर्खा मिडिया नेटवर्क प्राइभेट लिमिटेडले सहकारीबाट ऋण लिएको ५२ करोड रुपैयाँ नतिरेको भनी बचतकर्ताले उजुरी दिएता पनि प्रमाण नभेटिएको उनले बताए ।

आईजीपी कुँवरले अगाडि भनेका छन्, 'रवि लामिछानेको नाम आएको हो, तर उहाँको कुनै संलग्नता देखिएको छैन ।'

## उपनिर्वाचनमा...

आगामी शनिबार नाम टुंगो लगाउने भनेको छ । इलाम-२ मा रास्वपा बाट उम्मेदवार बन्न ६ जनाले निवेदन दिएका छन् ।

गोकुलबहादुर राई, जमुना शर्मा, महेन्द्रबहादुर थापा, मानबहादुर घिमिरे, मिलन लिम्बु र डा. भेषरमण न्यौपानेले निवेदन दिएका हुन् । प्रारम्भिक उम्मेदवारमाथि दाबी विरोध गर्नको लागि १५ चैत दिउँसो १ बजेसम्म समय निर्धारण गरिएको छ ।

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसको प्रदेश समितिले इलाम २ को उम्मेदवारका लागि केन्द्रीय समितिमा ७ जनाको नाम सिफारिस गरेको छ । बझाङ १ मा १० जना आकांक्षीको नाम सिफारिस भएको छ ।

## बैंकिङ...

महामारीपछि नेपाली अर्थबजारमा देखिएको संकटले धराशायी बनेका उद्योष्हरू माथि उठ्नै सकका छैनन् । कतिपय त बन्द नै भएका छन् ।

त्यो समय बैंकहरूले लगानी गर्न नसकेकै कारण कयौं नयाँ उद्योगहरू धरासायी बने भने अहिले तिनै उद्योगले लगानी गर्न नसक्दा बैंकहरू समस्यामा परिरहेका छन् । यसरी बजारमा लगानी गर्ने वातावरण नै बिग्रदै गएपछि फेरि बैंकहरूमा रकम जम्मा भएर थुप्रिन थालेको हो ।

'समस्या बढ्न सक्छ'

अर्थतन्त्र चलायमान बनाउने नै पैसाले हो । जसको आधिकारिता बैंकहरूसँग मात्रै हुन्छ । यस्तो अवस्थामा बैंकहरूले सन्तुलन कायम गर्न नसक्दा अर्थतन्त्रमा समस्या देखिनु स्वभाविक हो । अहिले पनि अर्थबजारमा थुप्रिदै गएको अधिक तरलताले अर्थतन्त्रमा जोखिम बढ्न थालेको विश्लेषण हुन थालेको छ ।

अहिले बैंकिङ प्रणालीमा तरलता बढ्दै गएपछि पछिल्ला ब्याजदर घट्ने पर्खाइमा लगानीकर्ता छन् । बजारमा आवश्यकताभन्दा बढी तरलता अर्थात् बढी पैसा भयो भने बैंकहरूले ब्याज घटाएर कर्जा बढाउनुपर्ने बैंक बजारमो आधारभुत सिद्दान्त हो । अहिले बैंकहरूले पनि धमाधम ब्याज घटाइरहेका छन् । यस्ता कव्यक्ति वा संस्थामार्फत एकैसमय धेरै रकम बाहिरिने र अनुत्पादक क्षेत्रमा लगानी बढ्ने खतरा हुनेतर्फ सरोकारवालाको चिन्ता छ ।

यही कारण अर्थतन्त्रले सन्तुलन पनि गुमाउन सक्ने खतरा रहेको अर्थविद् भुषल बताउँछन् । उनी भन्छन्, 'राष्ट्र बैंकले बैंकिङ्ग प्रणालीमा तरलताको निश्चित सीमा नाघ्नु दिनु हुँदैन । यसले अर्थतन्त्रमा थप समस्या निम्त्याउन सक्छ ।'

यस्तै अवस्था रहे खासगरी नेपालमा पछिल्लो दशकमा निकै फस्टाएको घरजग्गा तथा रियलस्टेट क्षेत्रमा फेरि लगानी वृद्धि हुने जोखिम बढ्ने पनि विश्लेषण हुन थालेको छ ।

## रूसको...

व्यवस्था बन्द नै रहेको र खुला नगरिएको बताए ।

मन्त्री अर्यालले वैदेशिक रोजगार व्यवसायीले रुस युद्धग्रस्त क्षेत्र होइन भन्ने स्पष्ट पारेको र जोखिम छैन भन्ने मागलाई स्वीकृत दिने अघिल्लो मन्त्रीको पालामा भएको निर्णयका सन्दर्भमा आफूहरु पुनःमूल्यांकनका लागि अध्ययनका क्रममा रहेको जानकारी दिए । सरकार अविछिन्न उत्तराधिकारी हुने र निरन्तर चलिरहने विषयका सन्दर्भमा भने आफू सजग रहेको उनको भनाइ थियो ।

मन्त्री अर्यालले श्रम स्वीकृति लिएर गएका नेपाली नागरिकको उद्धारका हकमा आफ्नो मन्त्रालयले जिम्मेवार हुने र श्रम स्वीकृति नलिइ गएका नागरिकको हकमा परराष्ट्र मन्त्रालयले समन्वय गर्नुपर्ने बताए ।

साउदीमा रोजगार
AL SERR INTERNATIONAL GENERAL CONTRACTING
पुर्व स्विकृति मिति: २०८०/१२/१३ चलानी नं. ६०२१७३७९ LT No. 302510

| सि. नं. | कामदारको पद | माग संख्या | कामदारको न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुबिधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सुबिधा | बस्ने सुबिधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolder | 25 | काममा दक्ष | 1200 | 42672 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |

★अन्तरवार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० बैशाख ३, ४ र ५ गते (15, 16, 17 April 2024) हुनेछ ।

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने म्यादी जिवन विमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्वन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. ७००/- कामदार आफैंले | कामदार आफै | रु.१५०० कामदार आफैंले |

वैदेशिक रोजगार विभागवाट गराइएको जानकारी: १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्वन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला । लागत खर्च: १०,०००

आकृति रिक्रुटिङ्ग प्रा. लि.
सिनामंगल, काठमाडौं , फोन नं.: ०१-४११०८२६, ४११०८११
श्रम इजाजत पत्र नं.: ९१७/०६७/०६८

मंगलसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मंगलसेन, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल

**बोलपत्र स्विकृत गर्ने आशयको सूचना**

सूचना प्रकाशित मिति २०८० चैत्र १५ गते

श्री युनिग्लोब ड्रग सप्लायर्स
धनगढी-०१ कैलाली ।

यस कार्यालय बाट प्रकाशित ठेक्का न IFB No: MM/ACH/NCB/GOODS-02/2080-081 "Procurement and Supply of Medicines for Health Institutions of Office of Mangalsen Municipality, Achham" गर्नको लागि मिति २०८०।११।१६ गतेको राष्ट्रिय दैनिक पत्रिका प्रकाशित सूचना बमोजिम रितपूर्वक निर्धारित म्याद २०८०।१२।०४ गते दिउँसो १२:०० बजे भित्र दर्ता हुन आएका बोलपत्रहरुमा मिति २०८०।१२।०४ गतेको दिउँसो १:०० बजे खोलिएका बोलपत्र मूल्याङ्कनका लागि श्री युनिग्लोब ड्रग सप्लायर्स धनगढी-०१, कैलाली कबोल अंक भ्याट सहित रु. १४,५८,३१९.२४/- (चौध लाख, अन्ठाउन्न हजार, तिन सय उन्नाइस रुपैया र चौबिस पैसा मात्र) भएको र उक्त कबोल अंक लागत अनुमान भन्दा २०।०८% ले घटि देखिएको तथा Bid Document मा भएका सम्पूर्ण मापदण्डहरु पुरा भएको हुदाँ सारभुत रुपमा प्रभावग्राही देखिएकोले उक्त फर्मको बोलपत्र स्विकृत गर्न सावजनिक खरिद ऐनको दफा २७ को उपदफा २ बमोजिम बोलपत्र स्विकृत गर्ने ७ (सात) दिनको आशयको सूचना प्रकासित गरिएको ब्यहोरा सम्बन्धित सबैको जानकारिका लागि यो सूचना प्रकासित गरिएको छ ।

नि. प्रमुख प्रशासकीय अधिकृत

आजदेखि एसईई शुरु हुँदै

# ढुक्कसँग परीक्षामा सहभागी हुन आह्वान



**काठमाडौं/मस-** माध्यमिक शिक्षा परीक्षा (एसइई) आजदेखि शुरु हुने भएको छ । बोर्डका अध्यक्ष प्रा.डा महाश्रम शर्माले भयरहित भएर ढुक्कसँग परीक्षामा सहभागी हुन सबै परीक्षार्थीलाई आह्वान गरेका छन् । उनले भने, 'परीक्षालाई शान्तिपूर्ण, मर्यादित र भयरहित वातावरणमा सम्पन्न गर्न/गराउने विद्यार्थी, शिक्षक, अभिभावक र सबै नागरिकमा आह्वान गर्दछौं ।' उनका अनुसार चैत १५ गते बिहान ८ बजेबाट ११ बजेसम्म सञ्चालन हुने परीक्षा चैत २७ गते सम्पन्न हुनेछ ।

पहिलो दिन आज अंग्रेजी विषयको परीक्षा हुँदैछ । एसइईलाई व्यवस्थित, मर्यादित, निष्पक्ष, भयरहित र शान्तिपूर्ण वातावरणमा सञ्चालन गर्न परीक्षामा खटिने केन्द्राध्यक्षलगायत जनशक्तिलाई अभिमुखीकरण गरिएको बोर्डले जनाएको छ । परीक्षामा सामुदायिक तथा संस्थागत गरी १० हजार आठ सय छ विद्यालयका दुई लाख ५० हजार सात सय ७२ छात्रा, दुई लाख ५३ हजार छ सय २७ छात्र र अन्य १५ जना गरी कूल पाँच लाख चार हजार चार सय १४ परीक्षार्थी सहभागी हुने कक्षा १० परीक्षा नियन्त्रण कार्यालयका एसइई परीक्षा नियन्त्रक नन्दलाल पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार कूल परीक्षार्थीमध्ये पाँच सय छ विद्यालयका १५ हजार सात सय ४९ जना परीक्षार्थी प्राविधिक धारतर्फका छन् ।

परीक्षामा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका १५ जना परीक्षार्थी सहभागी हुने परीक्षा नियन्त्रक पौडेलले जानकारी दिए । उनका अनुसार बाँके, चितवन, दाङ, गोरखा, इलाम, खोटाङ, सुर्खेतबाट एक/एक, पर्सा र सप्तरीबाट दुई/दुई, रुपन्देहीबाट चार जना छन् ।

परीक्षाका लागि कार्यालयले दुई हजार ६४ परीक्षा केन्द्र निर्धारण गरेको परीक्षा नियन्त्रक पौडेलले जानकारी दिए । उनका अनुसार सबैभन्दा कम मनाङ, मुस्ताङमा एक/एक र सबैभन्दा बढी काठमाडौंमा एक सय २७ परीक्षा केन्द्र निर्धारण गरिएको छ ।

यस वर्षको एसइई परीषमा जापानबाट २३ जना सहभागी हुने परीक्षा नियन्त्रक पौडेलले बताए । उनका अनुसार जापानमा रहेको एभरेष्ट स्कूलमा एक परीक्षा केन्द्रबाट १५ छात्रा र आठ छात्र गरी २३ विद्यार्थीले परीक्षा दिने भएका छन् । बोर्डका अनुसार एसइई परीक्षाका लागि प्रत्यक्षरूपमा ७७ हजार चार सय ८५ जना जनशक्ति परिचालन हुने भएका छन् । प्रति केन्द्र एक जनाका दरले केन्द्राध्यक्ष खटाइनेछ । देशभर दुई हजार ६४ परीक्षा केन्द्र तोकिएका छन् । त्यस्तै एक सय ५० विद्यार्थी बराबर एक जनाका दरले चार हजार एक सय २८ जना सहायक केन्द्राध्यक्ष, प्रति २० विद्यार्थी बराबर एक जनाका दरले २५ हजार दुई सय २२ निरीक्षक खटाइएको परीक्षा नियन्त्रक पौडेलले जानकारी दिए ।

त्यसैगरी एक सय परीक्षार्थी बराबर एक जनाका दरले पाँच हजार ५४ परीक्षा सहायक खटाइनेछ भने ५० परीक्षार्थी बराबर एक जनाका दरले १० हजार ८१ कार्यालय सहयोगी खटाइने भएको छ । प्रत्येक परीक्षा केन्द्रमा १५ जनाका दरले ३० हजार नौ सय ६० सुरक्षाकर्मी परिचालन गरिने छ । परीक्षा केन्द्रको आवश्यकताअनुसार सुरक्षाकर्मीको सङ्ख्या थप हुन सक्ने पौडेलको भनाइ छ । उनका अनुसार सुरक्षाकर्मीदेखि कर्मचारी परिचालनका लागि प्रत्येक जिल्लामा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा रहेको जिल्ला परीक्षा समन्वय समितिले थप गर्न सक्नेछ ।

### परीक्षा उतीर्ण हुन ३५ प्रतिशत अंक ल्याउनुपर्ने

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले मन्त्रीस्तरीय निर्णयबाट विसं २०७८ पुस ७ गते 'लेटर ग्रेडिङ निर्देशिका २०७८' जारी गरेपनि कार्यान्वयनमा आउन सकेको थिएन । यसवर्षको परीक्षामा भने बोर्डले 'लेटर ग्रेडिङ निर्देशिका २०७८' लागू गरेको छ ।

विगतमा सैद्धान्तिक र प्रयोगात्मक दुवै जोडेर ३५ प्रतिशत ल्याउनुपर्ने प्रावधान रहेकामा बोर्डले यसवर्ष पहिलो पटक निर्देशिका कार्यान्वयनमा ल्याएसँगै एसइई परीक्षाको नतिजामा विद्यार्थीले सैद्धान्तिकमा ३५ र प्रयोगात्मकमा ४० अङ्क ल्याउनै पर्ने भएको छ ।

परीक्षा नियन्त्रक पौडेलले परीक्षार्थीले कम्तीमा सैद्धान्तिक विषयमा ३५ अङ्क र प्रयोगात्मकमा ४० अङ्क ल्याउनै पर्ने बताउँदै एक सय पूर्णाङ्क रहेको विषयमा ३५ र ७५ पूर्णाङ्क रहेको विषयमा २७ अङ्क ल्याउनु पर्ने जानकारी दिए । परीक्षा नियन्त्रक पौडेलले ३५ प्रतिशतभन्दा कम अङ्क ल्याएमा कक्षा ११ मा भर्ना हुन नपाउने र पुनः मौका परीक्षामा सहभागी हुनुपर्ने प्रावधान रहेको बताए । उनका अनुसार ३५ अङ्क ल्याउन नसक्ने विद्यार्थीले पहिलो वर्ष दुई विषयको मौका परीक्षा दिन पाउने व्यवस्था गरिएको छ ।

## भूमिहीन सुकुम्बासीलाई जग्गाधनी पुर्जा वितरणको तयारी

**पर्सा/मस-** पर्सामा भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गाधनी लालपुर्जा बाँड्ने प्रक्रिया शुरु भएको छ । राष्ट्रिय भूमि आयोग जिल्ला शाखा पर्साले भूमिहीन दलित, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीलाई जग्गा बाँड्ने तयारी थालेको हो । आयोगले प्रक्रिया थालेपछि भूमि प्राप्तिका लागि पर्सामा छ हजारभन्दा बढीको नाम सूचीकृत गरेको छ ।

विभिन्न पालिकामा भूमिहीन दलित एक हजार तीन सय ६३, भूमिहीन सुकुम्बासी दुई हजार पाँच सय ७७ र अव्यवस्थित बसोबासी दुई हजार नौ सय ४९ गरी छ हजार आठ सय ८९ जनाको नाम सूचीकृत भएको राष्ट्रिय भूमि आयोग पर्साका अध्यक्ष तबरेज अहम्मदले जानकारी दिए ।

आयोगमा सूचीकृत भएकामध्ये सबैभन्दा बढी ठोरी गाउँपालिका, सखुवा प्रसौनी गाउँपालिका, पर्सागढी र बहुदरमाई नगरपालिकामा छन् । अध्यक्ष अहम्मदका अनुसार सबैभन्दा बढी ठोरी गाउँपालिकामा भूमिहीन दलित २६, भूमिहीन सुकुम्बासी एक हजार सात सय ४० र अव्यवस्थित बसोबासीमा एक हजार नौ सय छजनाको नाम सूचीकृत भएको छ । यस्तै, पर्साको पर्सागढीमा भूमिहीन दलित सात सय ७२, भूमिहीन सुकुम्बासी तीन सय ५७ अव्यवस्थित बसोबासीमा पाँच सय ५४ को नाम सूचीकृत भएको अध्यक्ष अहम्मदले बताउनुभयो । पर्साका अन्य पालिकाबाट विवरण आउन बाँकी रहेको उहाँको भनाइ छ । अध्यक्ष अहम्मदका अनुसार सूचीकृत भएका आगामी वैशाखमा पर्साका एक सय ५७ परिवारलाई जग्गाधनी पुर्जा वितरण गर्ने तयारी भइरहेको छ ।

भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गाधनी पुर्जा वितरणको तयारी थाले पनि स्थानीय तहले लागत सङ्कलनलगायत कार्यमा सहयोग नगरेकाले अपेक्षाकृत रूपमा कार्य अघि बढाउन नसकिएको अध्यक्ष अहम्मदको गुनासो छ ।


## रंगेली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रंगेली, मोरङ
कोशी प्रदेश, नेपाल

### रंगेली नगरपालिकाद्वारा उपभोक्ता हित संरक्षणमा जारी सूचना

**उद्योग तथा व्यवसायका लागि :**

१. बिक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिनभित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव)हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरवदल गर्नुपर्नेछ ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
१६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१७. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य वस्तु बिक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने ।
१८. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र बिक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र बिक्री वितरण गरौं ।
१९. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।

**वस्तु तथा सेवामा समान पहुच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।**



## Free Visa Free Ticket सहित मलेसियामा रोजगार

कम्पनी: VITAL 6 SECURITY SND BHD — शहर: Malaysia, Seremban
पूर्व स्वीकृत मिति : २०८०/१२/१४ — चलानी नं. : ६०२१७४३९ — LT. No.: 302582

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Gurad | 20 | 0 | स. काममा दक्ष | 1500 | ४२,२५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

## Free Visa Free Ticket सहित बहराईनमा रोजगार

कम्पनी: TIMELESS FASHION — शहर: Bahrain, Manama
पूर्व स्वीकृत मिति : २०८०/१२/१४ — चलानी नं. : ६०२१७४१६ — LT. No.: 302584

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Tailor | 4 | 0 | स. काममा दक्ष | 150 | ५२,९०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० चैत २२ गते (4 April 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

SHREESHA INTERNATIONAL PVT. LTD.
Govt. Lic. No. 1573/079/080
Koteshwor-32, Kathmandu, Nepal.
Tel.: 015918931, 015918932 | Mobile No.: 9802352700
Email: info@shreeshainternational.com | www.shreeshainternational.com
For Location



## धार्चे गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
माछीखोला, गोरखा,
गण्डकी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृतिका लागि छनोट गरिएको आशयको सूचना

**प्रकाशित मितिः २०८०/१२/१५**

यस गाउँपालिकाको मिति २०८०/११/०८ गते राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार तपशिल अनुसारको ठेक्काको लागि म्याद भित्र दर्ता हुन आएका बोलपत्रहरु मध्ये आर्थिक तथा प्राविधिक प्रस्तावको मूल्याकंन गर्दा न्युनतम मूल्यांकित सारभुत रुपमा प्रभावग्राही बोलपत्र देहाय बमोजिम भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २(१) बमोजिम सबै बोलपत्र दाताहरुलाई जानकारीको लागि बोलपत्र स्वीकृतिको आसयको सूचना प्रकाशित गरिएको छ, सो निर्णय उपर कसैको दावी, विरोध भए सुचना प्रकाशन भएको मितिले ७ दिन भित्र यस कार्यालयमा निवेदन दिनु हुन समेत यसै सुचनद्वारा जानकारी गराइन्छ ।

**तपशिल**

| क्र.स. | ठेक्का नं. | ठेक्काको नाम | बोलपत्र दाताको नाम र ठेगाना | कबोल रकम (मू.अ.क.र पि.स. बाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| १. | DRM/NCB/WORKS/05/080-081 | Construction of Sarjanbeshi-Kashigaun Sadak Works | Kumari Mai Nirman Sewa | 50,19,137.88 | |

**प्रमुख प्रशासकीय अधिकृत**



"आयो टप्प टिप्यो, लग्यो, मिति पुग्यो टारेर टर्दैन त्यो,
इन्द्रै बिन्ती गरुन् झुकेर पदमा त्यो बिन्ति मान्दैन त्यो,"

## भावपूर्ण श्रद्धाञ्जली



जन्मः बि.सं. १९८९/१२/१२

स्वर्गारोहणः वि.सं. २०८०/१२/०३

**स्व. नर बहादुर शाही**

हाम्रो शुभचिन्तक पूर्वाधार विकास निर्देशनालय, सुर्खेतमा कार्यरत प्रमुख लेखा अधिकृत श्री बखत बहादुर शाहीको पुजनिय पिता **नर बहादुर शाही**को ९१ बर्षको उमेरमा असमायिक निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद् घडीमा शोक सन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति मिलोस् भन्दै भगवान्सँग प्रार्थना गर्दछौं ।

**कर्णाली मिडिया सेन्टर नेपाल प्रा.ली.**





मध्यान्ह
www.madhyanhadaily.com
१५ चैत २०८०, बिहीबार
28 March 2024, Thursday

## सम्पादकीय

# त्यो एसएलसी र शैक्षिक गुणस्तर

माध्यमिक शिक्षा परीक्षा (एसईई) आज (बिहीबार) देखि सुरू हुँदैछ । यो परीक्षामा ५ लाख ४ हजार परीक्षार्थीले २ हजार ६४ परीक्षा केन्द्रबाट परीक्षा दिनेछन् । दशकौंसम्म यो परीक्षा नेपाली समाजमा एउटा मानक बनेर स्थापित थियो, तर फरक नामले । १९९० सालदेखि एसएलसी बोर्ड स्थापना गरेर कक्षा–१० को अन्तिममा लिइने परीक्षालाई एसएलसी भनिन थालेको थियो । पहिलो वर्ष ३४ जनाले परीक्षा दिएका थिए भने भूकम्पमा कारणले पुस अन्तिम साता सुरू भएको परीक्षा जेठमा सारेर पुनः सञ्चालन गरिएको थियो । पहिलो परीक्षामा १६ जना उत्तीर्ण भएका थिए । तर विस्तारै एसएलसीको महत्व र परीक्षार्थी संख्या बढ्न थाल्यो । नेपाली समाजमा एलएलसी उत्तीर्ण गर्नु प्रतिष्ठाको विषय बन्न थाल्यो ।

एसएलसीको महत्वलाई बढाउने क्रममा २००३ सालपछि पुरक परीक्षाको समेत व्यवस्था गरिन थाल्यो । कतिसम्म भने नेपाली समाजमा यो परीक्षालाई फलामे ढोका भनेर चिनिन्थ्यो । हरेक परिवार र समाजमा एसएलसी उत्तीर्ण हुने विषय सामाजिक प्रतिष्ठा बन्ने गर्थ्यो । अर्थात् यो परीक्षा कुनै विद्यार्थीको योग्यतामा मात्रै थिएन, पुरै समाज र विद्यालयको प्रतिष्ठासँग जोडिएको हुन्थ्यो । तर दशकौंसम्म चलेको एसएलसीको प्रणाली २०७५ सालपछि परिवर्तन भयो । एसएलसीको स्थानमा एसईई हुन थाल्यो, पहिलेजस्तो महत्व दिइन छाड्यो । अहिले कक्षा–१२ सम्म आधारभूत शिक्षा भनिन थालेको छ । यद्यपि एसईई पनि लिइन्छ । त्यसैले जति नै महत्व घटाउन खोजिएपनि समाज र परिवारले विशेष रूपमा लिने गरेको पाइन्छ ।

शिक्षाको बदलिदो परिभाषाका क्रममा एसईई फरक प्रणाली र नामले चिनिए पनि यसको विगत नेपाली समाजको लामो परिचय हो । यस परीक्षासँग समाजको सपना र भविष्य गाँसिएको पाइन्छ । त्यसैले एसईई अहिले पनि शिक्षाको सूचकांक मापन गर्ने एउटा आधार छदैछ । कतिपयले भने शिक्षाको गुणस्तर घटेको अथवा एसईईलाई जीवन प्रतिष्ठाको विषय बनाउन नपर्ने टिप्पणी गर्छन् । तर यी दुवै तर्क सही होइन । एसएलसीसी नेपाली समाजको जीवन प्रतिष्ठाको इतिहास हो भने प्रणालीकै कारण गुणस्तर घट्ने भन्ने हुँदैन । बरू परिमार्जित शैलीमा यसको महत्व बढाएर लैजाने र विद्यार्थीको सिकाइ थप सशक्त बनाउन यो परीक्षाले भूमिका खेल्नुपर्छ । सबै परीक्षार्थीमा अग्रिम शुभकामना !

# सत्ताको स्वादमा रमाएको राजनीति

*सत्ताको रत्यौलीमा रमाउनका लागि मात्रै जनताले मत दिएर जिताएका हैनन् भन्ने हेक्का नेतृत्वमा नहुनु नेपाली समाजको दुर्भाग्य हो ।*

अग्रलेख



● गोविन्द विक



नेपाली राजनीतिलाई सत्ताको स्वादमा रमाउँदै फुर्सद छैन । जनस्तरका सवाल र सुशासनका कुरा नेपाली राजनीतिका लागि तपसिलको विषय बन्दै गइरहेको छ । कुनै पनि दलको बहुमत नभएको मौका छोपेर कसरी सत्तामा पुग्ने र आफू अनुकूलको सत्ता भोग गर्नेभन्दा अन्य कुनै योजना र कार्य दलहरूमा देखिँदैन । संसदको सबैभन्दा ठूलो दल नेपाली कांग्रेसभित्रको अलमलका कारण तेस्रो दलको रूपमा खुम्चिएको नेकपा (माओवादी केन्द्र)ले दोस्रो दलको रूपमा सीमित नेकपा (एमाले)लाई हाता लिएर पुष्पकमल दाहाल 'प्रचण्ड'को नेतृत्वमा सरकार बन्यो । सरकारले काम गर्ने मेलोमेसो मिलाउँदा मिलाउँदै प्रचण्डले एमालेलाई पाखा लगाउँदै नेपाली कांग्रेसहितको दलसँग काँध जोड्न पुगे । एमाले फेरि प्रतिपक्षमा पुग्यो । केन्द्रको राजनीति उथलपुथल भएपछि त्यसको प्रत्यक्ष असर प्रदेशमा पनि देखियो । गठबन्धन सरकार भएपछि आफूखुशी काम गर्न नपाइने स्वभाविक नै थियो । सत्ता साझेदार दलभित्रको चोचोमोचो मिलाउँदा नै समय निकै घर्किसकेको थियो ।

कम्युनिष्टहरूसँग काँध जोडेर सत्ताको स्वाद लिइरहेको कुरा नेपाली कांग्रेसभित्रकै एक थरी नेताहरूलाई चित्त बुझिरहेको थिएन । नेपाली कांग्रेसका सभापतिलाई छैंटौ पटक प्रधानमन्त्री हुनेभन्दा अरु कुनै योजना ध्यान छँदै थिएन भने कांग्रेसभित्र पनि विधि र प्रक्रिया मान्ने बिपीको समाजवादलाई समय सान्दर्भिक व्यवहारमा देखाउँदै लैजाने हुटहुटी भएका नेताहरूलाई सभापतिको छैटौँ पटक प्रधानमन्त्री हुने दाउलाई रोक्ने प्रयासमा देखिन्थे । एमाले भने प्रतिपक्षमा पुगेपछि कसरी कांग्रेसहितको सत्ता गठबन्धनलाई पछारेर आफू सत्तामा मिसिने र गिर्दै गरेको जनविश्वासलाई बलियो बनाउने दाउ हेरेर बसेको थियो । सत्ता पक्ष होस् या प्रतिपक्ष सीमान्तकृत, दलित, महिला, भूमिहीन, किसान, श्रमिक, बालबालिका, ज्येष्ठ नागरिक आदिका समस्याप्रति न सत्ता पक्षको ध्यान गएको छ न प्रतिपक्षको ध्यान । केपी शर्मा ओली प्रधानमन्त्री भएको बेला नै देशभरका तुइन हटाएर पुल लगाउने प्रतिवद्धता निर्णय भएको थियो तर, तुइनबाट खसेर बेपत्ता भएका जयसिंह धामीहरूको कथा अहिलेपनि जिवितै छ । तर, अहिलेसम्म तुइन हटाउने सपना पूरा भएको छैन । कतिपय दुर्गम गाउँमा स्कुलका विद्यार्थी, मजदुर, किसानहरू तुइनबाट खसिरहेका छन् । त्यसको लेखाजोखा न सत्तालाई छ न प्रतिपक्षलाई ।

सत्तामा हुनेहरूको दाउ सत्ता जोगाउनका लागि नै फुर्सद हुँदैन भने प्रतिपक्षमा हुनेहरूलाई सत्ता कसरी भत्काउने भन्ने कुराले नै फुर्सद हुँदैन भनेपछि जनताका मुद्दा कसले उठाउने ? जनस्तरबाट सामान्य सर्वसाधारण जनताले अनुभूत गर्नेगरी विकास र सुशासनको प्रत्याभूत कहिले हुने ? यसको उत्तर न सत्तासिनहरूसँग छ न प्रतिपक्षसँग छ । प्रतिपक्षमा रहँदा थोर बहुत जनस्तरका सवालमा बहस गर्न खोजे पनि सत्तामा गएपछि बिर्सिहाल्ने रोग नयाँ होइन । संसद भवन जनताको दुःख र पीडा कसरी हटाउने ? सुशासनको आभास कसरी गराउने ? भएका ऐन कानुनको परिमार्जित गर्दै नयाँ ऐन कानुन जारी गर्ने भन्ने बहस र छलफल हुनुपर्ने तर, संसद भवन त एकअर्कालाई छेडखानी गर्ने, एकअर्काको विरुद्धमा कटाक्ष गर्ने मन नपरेको मन्त्रीको राजीनामा माग्ने, रोष्टम घेरेर हुलहुज्जत गर्ने थलो बनेको छ, बनाइएको छ, यो जति दुखद पक्ष के हुन्छ ? सत्ताको रतेउलीमा रमाउनका लागि मात्रै जनताले मत दिएर जिताएका हैनन् भन्ने हेक्का नेतृत्वमा नहुनु नेपाली समाजको दुर्भाग्य बनिरहेको तितो वास्तविकता हामी कसैबाट पनि छिपेको छैन ।

संसदमा अहिले प्रतिपक्ष दल नेपाली कांग्रेसले उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेको राजिनामा पहिलो सर्त राखेर संसद अवरोध गरिरहेको छ । दोहोरो नागरिकता र पासपोर्टको काण्डमा एक पटक अदालतले दण्डित गरिसकेका रास्वपाका सभापति रवि लामिछानेका विषयमा पक्कै पनि छानबिन हुनुपर्छ भन्ने कुरा स्वभाविक हो । किनभने सहकारी ठगीमा उनी पनि मुछिएका छन् । आरोपित हुन् । भलै आरोप सत्य नहोला यद्यपि, छानबिनबाट भने उम्किने छुट उनलाई छैन । तर पनि नयाँ आशा र भरोसा बोकेर आएका रविबाट जनस्तरमा निकै आशा गर्नु स्वभाविक पनि हो । घुसकाण्डमा आरोप लागेपछि ७२ घन्टाभित्र कारबाही गरेर आफ्नै पार्टीका सांसद ढाका कुमार श्रेष्ठलाई ठेगान लगाएको रास्वपाले रविको सवालमा त्यस्तै गर्नुपर्ने हो या हैन यसको समिक्षा पार्टीले गर्ला नै । तर, बेथितिको हिलो सफा गर्ने भने त्यही हिलोमा आफू पनि डुबेपछि उस्तै देखियो भन्नेहरूको भीड पनि बढिरहेको छ । त्यसैले रास्वपालाई बेथितिको हिलोमा डुबेर पन्छिने छुट नभएको राजनीतिक जानकारहरूको जिकिर कायमै छ ।

